# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कपिलाकोट, सिन्धुली

बागमती प्रदेश, नेपाल

## बोलपत्र आह्वान सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति: २०७९/०७/२५**

मरिण गाउँपालिकामा संचालित नवप्रवर्तन साझेदारी कोष अन्तर्गत देहायानुसारको खरिद तथा आपूर्ति कार्य मरिण गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ को नियम ३२ बमोजिम राष्ट्रिय स्तरको खुल्ला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले योग्य फर्म वा संस्थाहरुको जानकारीका लागि यो बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र.सं. | कार्य विवरण | ठेक्का नं. | परिमाण (वटा) | अनुमानित लागत (रु.) | जमानत रकम (रु.) | बोलपत्र फारम दस्तुर (रु.) | बोलपत्र मान्य हुने अवधि | दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | उन्नत जातका भैंसीको पाडी खरिद तथा आपूर्ति कार्य | MRM/Goods (Livestock)/NCB/ 02/2079-080 (Re) | १२० | ९०,००,०००।०० | २,३०,०००।०० | ३,०००।०० | ९० दिन | २०७९/०८/२५ गते दिनको १२:०० बजे भित्र | २०७९/०८/२५ गते दिनको २:०० बजे | |

१. बोलपत्र खरिद गर्न चाहने इच्छुक योग्य बोलपत्रदाताहरुले बोलपत्र सम्बन्धी कागजात बोलपत्र फारम दस्तुर रु. ३,०००।०० मरिण गाउँ कार्यपालिकाको कार्यालयको राष्ट्रिय वाणिज्य वैंक, कपिलाकोटमा रहेको मरिण गा.पा. ग-१-१ आन्तरिक राजश्व खाता, खाता नं. ग-१-१ १५३०१००३०१०१०००२ मा दाखिला गरि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np बाट प्राप्त गर्न सकिनेछ र मिति २०७९/०८/२५ गते दिनको १२:०० बजे भित्र E-Bid मार्फत पेश गर्नु पर्नेछ।

२. बोलपत्र सम्बन्धी कागजात तथा स्पेसिफिकेशन लगायतका विषयमा छलफल गर्न मिति २०७९/०८/१८ गते दिनको १:०० बजे यस कार्यालयमा पूर्व-बोलपत्र बैठक आयोजना हुनेछ।

३. E-Bid मार्फत पेश हुन आएका बोलपत्रहरु मरिण गाउँ कार्यपालिकाको कार्यालय, कपिलाकोट, सिन्धुलीमा मिति २०७९/०८/२५ गते दिनको २:०० बजे उपस्थित हुन चाहने बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

४. बोलपत्रको साथ कम्तीमा रु. २,३०,०००।०० को बोलपत्र जमानत वा मरिण गाउँ कार्यपालिकाको कार्यालयको राष्ट्रिय वाणिज्य वैंक, कपिलाकोटमा रहेको धरौटी खाता नं. १५३०१००३०३००००२ मा जम्मा गरेको सक्कल बैंक भौचर संलग्न गर्नु पर्नेछ र त्यस्तो बोलपत्र जमानतको मान्य हुने अवधि बोलपत्र खोलेको मितिबाट कम्तीमा पनि १२० दिन भन्दा बढीको हुनु पर्नेछ।

५. बोलपत्र खरिद गर्ने, पेश गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन अन्तिम दिन कायम हुनेछ। त्यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साविककै मिति देखि गणना गरिने छ।

६. यस खरिद प्रक्रियामा भाग लिन चाहने फर्म अनिवार्य रुपमा पशुपंक्षी व्यवसाय गर्न योग्य हुनु पर्ने एवं उक्त उद्देश्यको प्रयोजनार्थ दर्ता भएको हुनु पर्नेछ।

७. बोलपत्र स्वीकृत गर्ने, रद्ध गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालय सगँ सुरक्षित रहनेछ।

८. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**